# प्रदेश सभा

# अर्थ तथा विकास समिति

## वार्षिक प्रतिवेदन आ.व. २०७५/०७६




**प्रदेश सभा सचिवालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

फोन नं. ०६१-५३२२५५

# मन्तव्य

माननीय सभामुख महोदय,

सर्वप्रथम सामन्ति, निरङ्कुश, केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाका विरुद्ध, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनार्थ भएका विभिन्न आन्दोलनहरु जनयुद्ध, जनआन्दोलन लगायत विभिन्न संघर्षहरुमा आफ्नो प्राणको आहुती दिनु हुने महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । साथै सोही आन्दोलनहरुको क्रममा तत्कालीन राज्य व्यवस्थाद्वारा बेपत्ता बनाइनु भएका बेपत्ता योद्धाहरु प्रति विशेष सम्मान व्यक्त गर्दछु । एवं घाइते अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

माननीय सभामुख महोदय,

गण्डकी प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ अनुसार गठन हुने विभिन्न समितिहरु मध्ये अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । गण्डकी प्रदेश सरकारका विकास निर्माण संग सम्बन्धित महत्वपूर्ण मन्त्रालयहरु - आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रलाय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयहरुसंग सम्बन्धित विषय क्षेत्रहरु यस समितिको कार्य क्षेत्र भित्र पर्दछन्।

मिति २०७५ बैशाख १४ गते समितिमा सभापतिको निर्वाचन प्रक्रिया प्रारम्भ गरी समितिले आफ्नो कार्यको थालनी गरेको थियो । २०७५ बैशाख १६ गते समितिको सभापतिको निर्वाचन सर्वसम्मत रुपमा सम्पन्न भै समितिले औपचारिक रुपमा समितिको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्ने निर्णय गर्दै कार्य प्रारम्भ गरेको जानकारी गराउँदछु ।

समितिको कार्यक्षेत्र भित्र पर्ने चार वटै मन्त्रालयको आ.व. २०७४/७५ मा चालु रहेका आयोजनाहरुको विवरण तथा कार्य सम्पादनको अवस्था र प्रगति विवरण माग गर्ने निर्णय गर्दै ठोस र मूर्त कार्यको शुरुवात गरियो । शुरुवाति दिनहरुमा हाम्रो आफ्नै पनि अनुभवको कमि, मन्त्रालयहरुको कामको प्रारम्भिक अवस्था आदि विभिन्न कारणले समयमा मन्त्रालयबाट समितिको निर्णय कार्यान्वयन हुन सकेन र पुन: सोही निर्णय समितिले दोहोर्याउनु पर्ने अवस्था सिर्जना भयो तर पछिल्ला दिनहरुमा समितिको निर्णयहरुमा मन्त्रालयको सहभागिता बढदै गई रहेको माननीय सभामुख मार्फत यस सभालाई जानकारी गराउँदछु ।

माननीय सभामुख महोदय,

दुखका साथ भन्नु पर्दछ समिति गठन भएर क्रियाशील भएको यस अविधमा समितिले १८ वटा बैठक सम्पन्न गर्दै आफ्नो निर्णयहरुको कार्यान्वयन तथा कार्यक्षेत्र भित्र पर्ने विभिन्न कार्यहरुको

कार्य सम्पादन गर्दै आई रहेको छ । तर आज सम्म पनि समितिले व्यवस्थित कार्य सम्पादन गर्ने कार्यकक्ष त परै जाओस् सामान्य रुपको कार्यकक्ष समेत प्राप्त गर्न सकेको छैन । यद्यपि समितिको क्रियाशीलता भने बढाउँदै लगिएको पनि म यस सभामा जानकारी गराउन चाहन्छु ।

यस अवधिमा समितिले १८ वटा बैठक सम्पन्न गरेको छ । जस मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयसंग २ पटक, भौतिक पूर्वाधार विकास मन्त्रालयसंग १ पटक, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसंग २ पटक, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयसंग १ पटक, ढुङ्गा गिट्टी बालुवा उत्खनन संकलन क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालन गर्न बनेको कार्यविधि, २०७५ अन्तर्गतको अनुगमन समितिसंग १ पटक गरी ७ पटक विभिन्न मन्त्रालयहरु तथा सम्बन्धित पक्षहरुसंग विभिन्न विषयमा अन्तरक्रिया, छलफल तथा आवश्यक राय, सल्लाह, सुझाव, निर्देशन, गोरखकाली रबर उद्योग, गोरखा, गुठीको समस्या म्याग्दी, गिट्टी बालुवा उत्खनन् तथा क्रसर उद्योगको अनुगमन म्याग्दी, पर्वत र बाग्लुङ्गको स्थलगत अध्ययन तथा सम्बन्धित विषयमा मन्त्रालयलाई आवश्यक राय सल्लाह सुझाव र निर्देशन दिने कार्यहरु सम्पन्न गरेको छ ।

गोरखकाली रबर उद्योग संघ सरकारको कार्यक्षेत्रमा पर्दछ तर हाम्रै प्रदेशको भूगोल भित्र रहेको र वर्षौंदेखि बन्द अवस्थामा रही रहेको तथा आगामी दिनमा पनि सोही अवस्थामा रही रहेमा राष्ट्रिय पुँजीमा ठूलो क्षति हुने हुनाले समितिले वास्तविकता बुझ्न अध्ययन गरेको थियो । सो सम्बन्धी सुझाव सहितको प्रतिवेदन सम्बन्धित मन्त्रालयलाई बुझाइएको जानकारी गराउँदछु । झण्डै २०० वर्ष पुरानो म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिकामा करिब १५ हजार रोपनी जमिन, ४ हजार भन्दा बढी घरधुरी प्रभावित रहेको मुक्तिनाथ सदावर्त तथा बोगटी गुठीको बारेमा समितिले स्थलगत अध्ययन गरेको छ।

प्राकृतिक स्रोत साधनको दोहन गर्ने कार्य आज राष्ट्रिय समस्या नै बन्न पुगेको छ। हाम्रो प्रदेश पनि त्योबाट अछुतो नरहेको कुरा त सबै माननीयज्यूहरुलाई अवगतै छ। यसै सिलसिलामा समितिले म्याग्दी, बाग्लुङ्ग र पर्वतमा संचालित गिट्टी, बालुवा उत्खनन् तथा क्रसर उद्योग संचालनको स्थलगत अध्ययन गरी सम्बन्धित मन्त्रालय एवं ढुङ्गा गिट्टी बालुवा उत्खनन संकलन क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालन गर्न बनेको कार्यविधि, २०७५ अन्तर्गतको अनुगमन समितिलाई आवश्यक निर्देशनहरु दिने कार्य पनि सम्पन्न भएको छ ।

अर्थ समितिको समेत कार्यभार यस समितिसंग भएको सन्दर्भमा प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेट आउनु पूर्व समितिले बजेट निर्माण तथा कार्यान्वयनमा देखा परेका समस्याहरु र समाधानका उपाय बारे प्रदेश अन्तर्गतका ११ वटा जिल्लाका स्थानीय तह सहित सम्बन्धित सरोकारवाला पक्षहरु समावेश गरी तनहुँ, बाग्लुङ्ग र कास्की गरी तीन स्थानमा प्रि-बजेट छलफल

संचालन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई राय सुझाव तथा आवश्यक निर्देशन समेत दिने कार्य सम्पन्न गरिएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले वितरण गरेको अनुदानका विषयमा समितिले मन्त्रालयसंग आवश्यक छलफल गर्नुका साथै नमूना कृषि अनुदान वितरणको कार्यविधिलाई सुधार गरी अनुदान रकमको सही सदुपयोग तथा अनुदान रकमलाई बास्तविक कृषक समक्ष पुग्ने वातावरण निर्माण गर्ने कार्य पनि सम्पन्न भएको छ । अनुदानलाई प्रभावकारी रुपमा परिणाममुखी वितरण गर्न कार्यविधि समेत सच्याउन निर्देशन गर्ने काम पनि सम्पन्न भएको छ ।

माननीय सभामुख महोदय,

आर्थिक वर्ष २०७५/०७६ मा बजेट कार्यान्वयनको अवस्था शुरुका दिनहरुमा सन्तोषजनक नरहेको सन्दर्भमा मन्त्रालयहरुलाई छलफलमा बोलाई कार्यविधि निर्देशिकाहरु बनाउन समितिले निर्देशन गरेको भए पनि सोचे जस्तो समयमा यी कामहरु हुन नसक्दा बजेट कार्यान्वयन समयमा हुन नसकेको यथार्थता हाम्रो सामु उपस्थित छ । जे जति कार्यहरु आर्थिक वर्षको अन्त्यमा सम्पन्न भए समितिको बारम्बारको प्रयास राय, सल्लाह, सुझाव र निर्देशन महत्वपूर्ण भएको भन्ने ठान्दछु ।

अब चालु आर्थिक वर्षको बजेट कार्यान्वयन वा सम्बन्धित मन्त्रालयहरुको आयोजनाहरु समयमा किन अघि बढ्न सकेनन् भन्ने प्रश्नको जवाफमा मन्त्रालयहरुले कार्यविधि तथा कर्मचारीको समस्या देखाउने छैनन् र समयमा नै आयोजनाहरु सम्पन्न हुनेछन् , निर्माणकार्यहरु गुणस्तरीय हुनेछन् भन्ने कुरामा समिति विश्वस्त रहेको पनि जानकारी गराउँदछु ।

माननीय सभामुख महोदय,

सरकारको काम कारवाहीलाई खाली औंला ठड्याउने, कमि कमजोरीका बारे प्रश्न गर्ने मात्र होइन रचनात्मक र सिर्जनात्मक रुपले सरकारका कामलाई (सम्बन्धित मन्त्रालय) व्यवस्थित गर्न सहयोग गर्नु पनि समितिको कर्तव्य हुन आउँछ । म विश्वास दिलाउन चाहन्छु कि आगामी दिनहरुमा समितिले सोही अनुसार आफ्नो कार्यहरु अघि बढाउने छ साथै म अपेक्षा गर्दछु कि सरकार (सम्बन्धित मन्त्रालयहरु) ले पनि समितिका राय सल्लाह सुझाव एवं आवश्यक निर्देशनलाई गम्भिरतापूर्वक लिई समयमा नै कार्यान्वयन गर्नेछन् ।

सरकार, सदन वा समितिहरु अन्तत: एउटै उद्देश्यमा केन्द्रित छन् । त्यो हो समृद्ध प्रदेश निर्माण, यो महान अभियानमा हामी सबै पक्षहरु एकताबद्ध भएर अघि बढौं भन्ने म विशेष अपील पनि गर्न चाहन्छु।

अन्त्यमा, यो समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउनु हुने माननीय सभामुख, माननीय उपसभामुख, समितिका माननीय सदस्यहरु, प्रदेश सरकार, सम्बन्धित मन्त्रालयहरु, प्रदेश सभाका सचिव एवं सचिवालयका सम्पूर्ण कर्मचारी, मर्यादापालक एवं सुरक्षाकर्मीहरु, समितिको काम कारवाहीहरुलाई आम नागरिक समक्ष सु-सूचित गर्नु हुने संचारकर्मीहरु लगायत सबैलाई समितिको तर्फबाट हार्दिक धन्यवाद दिंदै गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम ७ बमोजिम सम्मानित सभा समक्ष यो प्रतिवेदन प्रस्तुत गर्दछु ।

धन्यवाद ।

दिपक कोइराला

सभापति

अर्थ तथा विकास समिति

# विषयसूची


परिच्छेद : १

प्रारम्भिक

१.१ पृष्ठभूमि

१.२ समितिको गठन र कार्यक्षेत्र

१.३ समितिको काम कर्तव्य र अधिकार

१.४ कार्यविधि र प्रक्रिया

१.५ सिमा

१.६ प्रतिवेदनको संरचना

परिच्छेद : २

सम्पादित कार्यहरु

२.१ समितिको बैठक, निर्णय तथा निर्देशन

परिच्छेद : ३

निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था

३.२ कार्यसम्पादनमा देखा परेका समस्या

परिच्छेद : ४

निष्कर्ष, सुझाव तथा सिफारिस

४.१ निष्कर्ष

४.२ सुझाव तथा सिफारिस

अनुसूची - १

समिति गठन हुँदा रहनु भएका माननीय सदस्यहरुको नामावली

अनुसूची - २

समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

अनुसूची - ३

समिति सचिवालयसंग सम्बद्ध कर्मचारीहरुको नामावली

अनुसूची - ४

अर्थ तथा विकास समितिको कार्यविधि, २०७५

# परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

संघीय शासन व्यवस्थाको पृष्ठभूमिमा नेपालले परिकल्पना गरेको सुखी नेपाली र समृद्धि नेपालको अवधारणालाई मूर्तरुप दिन मुलुकमा सुशासन आवश्यक हुन्छ । विकास र समृद्धिले नै सुशासनलाई प्रत्याभूत गर्दछ । यस अर्थमा, सार्वभौम जनताको प्रतिनिधिमुलक संस्था व्यवस्थापिका संसदमा मुलुकको सर्वाङ्गीण विकासका लागि Watch Dog को भूमिकामा काम गर्न विभिन्न विषयगत समितिहरु रहने व्यवस्था कुनै पनि लोकतान्त्रिक मुलुकको संविधानमा गरिएको हुन्छ । नेपालको संविधानले सातै प्रदेशमा एक—एक वटा प्रदेश सभा र सो अन्तर्गत विभिन्न विषयगत समितिहरु गठन गर्न सकिने व्यवस्था गरेको छ ।

मिनि पार्लियामेन्टका रुपमा चिनिने संसदीय समितिको प्रभावकारिता, कार्यकुशलता र सक्रियताले प्रदेश सभाको गरिमा र मर्यादा कायम गर्न सघाउ पुऱ्याउनेछ । समितिको प्रभावकारितामा सभाको प्रभावकारिता निर्भर हुने हुँदा समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै सरकारलाई जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्छ । समितिले आफ्नो कार्यक्षेत्र भित्रका सरकारी निकायहरुको नीति योजना कार्यक्रम बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन् । त्यस्तै , आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधानमा समेत सहयोग पुऱ्याउँदछन् । सुशासनको माध्यमबाट मुलुकमा स्थायित्व विकास र समृद्धि हासिल गर्न समितिले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ । संसदीय व्यवस्थामा समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना काम कारवाही सुचारु रुपमा संचालन गर्ने, सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै प्रदेशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने गर्दछन् ।

संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी र जबाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमाबली, २०७४ को नियम १४६ बमोजिमका विषयगत समितिहरु मध्ये अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । यस समितिले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषय क्षेत्रमा आवश्यक राय सल्लाह सुझाव तथा निर्देशन दिने कार्य गर्दछ ।

## १.२ समितिको गठन र कार्यक्षेत्र

संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सभाले नियमावली बमोजिम आवश्यकता अनुसार समिति वा विशेष समिति गठन गर्न सकिने प्रावधान रहेको छ । त्यस्तै प्रदेश सभा नियमाबली, २०७४ को नियम १४५ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि विषयगत समिति र विशेष समिति गठन गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप नियम १४६ बमोजिमका कार्यक्षेत्र भएका देहायका विषयगत समितिहरु गठन गरिएका छन्।

१. विधायन समिति,

२. सार्वजनिक लेखा समिति,

३. प्रदेश मामिला समिति र

४. अर्थ तथा विकास समिति ।

प्रदेश सभा नियमावली, २०७४ अनुसार अर्थ तथा विकास समितिलाई तोकिएका कार्यक्षेत्रहरु निम्न छन् ।

- आर्थिक मामिला तथा योजना मन्त्रालय,
- भौतिक पूर्वाधार विकास मन्त्रालय,
- उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्वन्धित विषय क्षेत्र ।

उल्लेखित् मन्त्रालयहरुका माननीय मन्त्रीहरु पदेन सदस्य रहने गरी सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभाको सहमती लिई प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिमका पदेन सदस्य सहित बढीमा पन्ध्र जना सदस्यहरु समिति गठनका सन्दर्भमा मनोनयन गर्ने व्यवस्था रहेको छ ।

## १.३ समितिको काम, कर्तव्य र अधिकार

समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेख गरिएको छ । उक्त नियमको उपनियम १ मा आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही अर्थ तथा विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ ।

क) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

ख) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको राजश्व र व्यय सम्वन्धि अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्वन्धमा सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

ग) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय—समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्धारा के—कस्ता कदम उठाएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

घ) विषयसँग सम्वन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।

ङ) सभाद्धारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम, संविधान, सम्वन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्धारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

च) प्रदेश सरकारद्धारा समय—समयमा गठन हुने छानविन आयोग/समितिद्धारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।

छ) मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आबश्यक निर्देशन दिने ।

ज) बैठकले सुम्पेको अन्य काम गर्ने ।

झ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम संचालन गर्ने ।

उल्लेखित् काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्यसम्पादन गर्दा समितिले सम्वन्धित मन्त्रालय तथा निर्देशनालय, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत छलफल गर्न सक्ने, आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने, समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्ने र बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगाबै र अन्य प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने जस्ता व्यवस्थाहरु रहेका छन् ।

## १.४ कार्यविधि र प्रक्रिया

नेपालको संविधान, प्रदेश सभा नियमावली, २०७४ र सो अन्तर्गत तर्जुमा गरिएको समितिको आन्तरिक कार्यविधि, २०७५ बमोजिम समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको छ। समितिको कार्य सम्पादनको शिलशिलामा आवश्यकतानुसार प्रदेश सरकारका मन्त्री, सचिव, विभागीय प्रमुख, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुलाई समिति समक्ष आमन्त्रण गरी छलफल र अन्तर्क्रिया गर्ने गरेको छ। बैठकमा निर्णय लिंदा सहमतीय प्रक्रियालाई जोड दिंदै आएको छ ।

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकतानुसार बोलाउन सक्ने, बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । साथै समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनु पर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणिकरण सभापतिले गर्ने व्यवस्था रहेको छ ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उपसमिति गठन गर्न सकिने व्यवस्था छ ।

## १.५ सीमा

समितिमा उपयुक्त सभाकक्ष, सभापतिको कार्यकक्ष, आवश्यक बजेट, अपेक्षित जनशक्ति, सूचना प्रविधि र तथ्याङ्क, अध्ययन अनुसन्धान, अन्तर समिति समन्वय, पर्याप्त स्थलगत अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि जस्ता पक्षहरु कार्य सम्पादनको सिलसिलामा सिमाको रुपमा रहेका छन् ।

## १.६ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद-१ मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, समितिको गठन र कार्यक्षेत्र, समितिको काम कर्तव्य र अधिकार, कार्यविधि र प्रक्रिया, सीमा तथा प्रतिवेदनको संरचना उल्लेख गरिएको छ ।

परिच्छेद-२ मा सम्पादित कार्य अन्तर्गत समितिको बैठक, निर्णय तथा निर्देशन सम्बन्धी कार्य र अन्य कार्य प्रस्तुत गरिएको छ । त्यसै गरी परिच्छेद-३ मा निर्णय/निर्देशन कार्यान्वयनको अवस्था र कार्य सम्पादनमा देखा परेका समस्याहरु सम्बन्धमा उजागर गरिएको छ । त्यस्तै परिच्छेद-४ मा निष्कर्ष, सुझाव तथा सिफारिस बारे उल्लेख गरिएको छ। प्रतिवेदनको अन्त्यमा अनुसूचीहरु समावेश गरिएको छ ।

# परिच्छेद - २

# सम्पादित कार्यहरु

## २.१ समितिको बैठक, निर्णय तथा निर्देशन

समितिको गठनदेखि आ.व. २०७५/०७६ को अन्त्यसम्ममा जम्मा १८ बटा वैठक सम्पन्न भएका र यस अवधिमा सम्पन्न भएका अधिकांश बैठकहरु मूलतः समितिका काम कारवाहीहरुलाई व्यवस्थित बनाउने, समितिको कार्यविधी तयार गर्ने, योजना, बजेट र संचालित विकास कार्यक्रमहरुको निगरानी–अनुगमन गर्ने र सो सम्वन्धमा आवश्यकतानुसार निर्देशन गरी प्रतिवेदन दिने जस्ता विषयमा केन्द्रित रहेकाछन् ।

उल्लेखित सन्दर्भमा, समितिका सम्पन्न बैठक, गरिएका निर्णय र निर्देशनको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

**बैठक संख्या : १**

मिति : २०७५।०१।१४

**छलफलको विषय :** सभापतिको मनोनयन दर्ता गर्ने ।

**निर्णय :-** सो विषयका सम्वन्धमा समितिका माननीय सदस्यहरु वीच छलफल भई सभापतिको मनोनयन दर्ता गर्ने निर्णय गरियो ।

**बैठक संख्या : २**

मिति : २०७५।०१।१६

**छलफलको विषय :** समितिको सभापति निर्वाचित गर्ने ।

**निर्णय :-** उल्लेखित विषयमा समितिका माननीय सदस्यहरु वीच छलफल भई माननीय दिपक कोइरालालाई समितिको सभापतिको रुपमा निर्वाचित गर्ने निर्णय गरियो।

**बैठक संख्या : ३**

मिति : २०७५।०१।१६

**छलफलको विषय :** समितिको कामकारवाहीलाई नियमित र व्यवस्थित गर्ने ।

**निर्णय :-** माननीय दिपक कोइरालाको सभापतित्वमा सम्पन्न उक्त बैठकले समितिको काम कारवाहीलाई व्यवस्थित तथा सुचारु गर्दै नियमित गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ४**

मिति : २०७५।०२।१८

**छलफलको विषय :** समितिसंग सम्वन्धित मन्त्रालयहरुसंग योजना तथा कार्यक्रमहरु-को प्रगति विवरण माग गर्ने ।

**निर्णय :-** समितिका माननीय सदस्यहरुको संलग्नतामा सम्पन्न उक्त वैठकले यस समितिसंग सम्वन्धित मन्त्रालय मार्फत सन्चालनमा रहेका आयोजना तथा कार्यक्रमहरुको प्रगति विवरण माग गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ५**

**मिति : २०७५।०४।३१**

**छलफलको विषय :** क. समितिको कार्यविधि, २०७५ पारित गर्ने

ख. मन्त्रालयहरुसँग आ.व. २०७४।७५ को प्रगति विवरण माग गर्ने

ग. कर सम्वन्धि जनगुनासोका विषयमा छलफल गर्ने।

**निर्णय :** समितिका माननीय सभापति दिपक कोइरालाको सभापतित्वमा सम्पन्न उक्त बैठकबाट समितिको कार्यविधि,२०७५ पारित गरियो । त्यसैगरी समिति अन्तर्गत रहेका मन्त्रालयहरुमा आ.व. ०७४।७५ मा संचालनमा रहेका कार्यक्रमहरुको प्रगति विवरण माग गर्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग करको विषयमा एकरुपता नभएको भन्ने जनगुनासोका विषयका सम्वन्धमा विवरण माग गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ६** **मिति : २०७५।०५।२१**

**छलफलको विषय :** आयोजना तथा कार्यक्रमहरुको प्रगति विवरण माथि छलफल गर्ने ।

**निर्णय :** अर्थ तथा विकास समितिसँग सम्वन्धित मन्त्रालय अन्तर्गत संचालनमा रहेका आयोजना तथा कार्यक्रमहरुको प्रगति सहितको विवरण माथि छलफल गरी आवश्यक निर्देशन गर्ने निर्णय गरियो ।

**बैठक संख्या :** ७ **मिति :** २०७५।०६।०७

**छलफलको विषय :** क. समितिसँग सम्वन्धित मन्त्रालयका माननीय मन्त्री र सचिवहरुसँग अन्तरक्रिया गर्ने

ख. गोरखकाली रवर उधोगको अध्ययन— निरीक्षण प्रतिवेदन प्रदेश सरकारलाई बुझाउने ।

**निर्णय :** समितिसँग सम्वन्धित मन्त्रालयका माननीय मन्त्री र सचिवहरुलाई समितिको बैठकमा छुट्टा छुट्टै बोलाई अन्तरक्रिया गर्ने र गोरखकाली रवर उधोगको अवस्था बारे स्थलगत अध्ययन — अवलोकन गरी सो को प्रतिवेदन प्रदेश सरकारलाई बुझाउने निर्णय गरियो ।

**बैठक संख्या :** ८ **मिति :** २०७५।०६।०१५

**छलफलको विषय :** भौतिक पूर्वाधार विकास मन्त्रालयका मा. मन्त्री र सचिवसँग मन्त्रलायको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा अन्रक्रिया र छलफल गर्ने साथै सो सम्वन्धि विषयमा आवश्यक निर्देशन दिने ।

**निर्णय :** भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री श्री रामशरण बस्नेत र सचिव श्री ईश्वरचन्द्र मरहठ्ठासँग मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा अन्तरक्रिया तथा छलफल सौहार्दपूर्ण रुपमा सम्पन्न गरियो । मन्त्रालयका योजना तथा कार्यक्रमहरुको समयमा नै कार्यान्वयन गर्न मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

**बैठक संख्या :** ९ **मिति :** २०७५।०६।१६

**छलफलको विषय :** भूभिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री र नि.सचिवसँग मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा अन्तरक्रिया र छलफल गर्ने ।

**निर्णय :** भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री लेख बहादुर थापा मगर र नि. सचिव श्री बद्रीनाथ अधिकारीसँग सो मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा अन्तरक्रिया तथा छलफल सौहार्दपूर्ण ढंगले सम्पन्न गरियो । मन्त्रालयका योजना तथा कार्यक्रमहरुको समयमा नै कार्यान्वयन गर्न मन्त्रालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**बैठक संख्या : १०** **मिति :२०७५।०९।०३**

**छलफलको विषय :** क. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री र सचिवसँग सो मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा अन्तरक्रिया तथा छलफल गर्ने ।
ख. समितिसँग सम्वन्धित मन्त्रालयहरुको जिल्लास्थित कार्यालयहरुको स्थलगत अनुगमन गरी निर्देशन दिने ।
ग. माननीय टेक बहादुर घर्ती मगरको निधनमा समवेदना व्यक्त गर्ने ।

**निर्णय :** उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालयका माननीय मन्त्री श्री बिकास लम्साल र नि. सचिव श्री दिवाकर पौडेलसँग मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा अन्तरक्रिया तथा छलफल सौहार्दपूर्ण रुपमा सम्पन्न गरियो । साथै मन्त्रालयका योजना तथा कार्यक्रमहरुको समयमा नै कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो । त्यसैगरी यस समितिसँग सम्वन्धित मन्त्रालयहरुको जिल्लास्थित कार्यालयहरुको प्रगति, भौतिक पूर्वाधार र जनशक्ति व्यवस्थापनका सम्वन्धमा स्थलगत अनुगमन गरी मन्त्रालयहरुलाई आबश्यक निर्देशन दिने तथा माननीय टेक बहादुर घर्ती मगरको मिति २०७५।०८।२७ गते असामयीक निधन भएको हुँदा वहाँ प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

**बैटक संख्या : ११** **मिति : २०७५।१०।१३**

**छलफलको विषय :** आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री र सचिवसँग अन्तरक्रिया तथा छलफल गर्ने ।
**निर्णय :** आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री श्री किरण गुरुङ्ग र सचिव श्री मुक्ति प्रसाद पाण्डेसँग मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा अन्तरक्रिया तथा छलफल सौहार्दपूर्ण रुपमा सम्पन्न भयो । साथै मन्त्रालयका योजना, कार्यक्रम र बजेटको समयमा नै कार्यान्वयन गर्न सो मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

**बैठक सँख्या :१२** **मिति:२०७५।१०।२२**

**छलफलको विषय :** क. वैज्ञानिक वन व्यवस्थापन,
ख. संचालित क्रसर उधोग
ग. प्रदेश सरकार समक्ष बुझाईएको गोरखकाली रवर उधोगको प्रतिवेदनका सम्वन्धमा ।

**निर्णय :** वन क्षेत्रमा कार्यान्वयनमा रहेको वैज्ञानिक वन व्यवस्थापन सम्वन्धमा यस प्रदेश अन्तरर्गतका जिल्लाहरुमा कार्यान्वयनमा रहेका वैज्ञानिक वन व्यवस्थापन कार्यको अध्ययन गर्ने निर्णय गरियो । त्यसैगरी यस प्रदेश अन्तर्गत संचालनमा रहेका क्रसर उधोगहरुको सम्वन्धमा अधययन गरी सोसँग सम्वन्धित निकायलाई आवश्यक निर्देशन गर्ने तथा प्रदेश सरकार समक्ष बुझाएको गोरखकाली रबर उधोगका सम्वन्धमा समितिको प्रतिवेदन माथि के प्रगति भएको छ भन्ने विषयमा सम्वन्धित मन्त्रालयका माननीय मन्त्री र सचिवलाई समितिमा बोलाई छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या :१३** **मिति : २०७५।११।०९**

**छलफलको विषय :** ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्गी र बिक्रिवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यबिधि, २०७५ कार्यान्वयनको अवस्था सम्वन्धमा।

**निर्णय :** ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्गी र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यबिधि, २०७५ कार्यान्वयनको अवस्था सम्वन्धमा प्रादेशिक अनुगमन समितिको संयोजक र सदस्य सचिवसँग अन्तरक्रिया तथा छलफल सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरी सो विषयका सम्वन्धमा प्रादेशिक अनुगमन समितिलाई सो कार्यविधि प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

**बैठक संख्या : १४** **मिति : २०७५।११।२६**

**छलफलको विषय :** कार्यविधिको अधिनमा रही यस प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरुमा संचालनमा रहेका क्रसर उद्योगहरको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन गर्ने सम्वन्धमा।

**निर्णय :** ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्गी र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यबिधि, २०७५ कार्यान्वयनको अवस्था सम्वन्धमा अध्ययन गर्न यस प्रदेशस्थित विभिन्न जिल्लाहरमा संचालनमा रहेका क्रसर उधोगहरुको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन गर्ने निर्णय गरियो ।

**बैठक संख्या :१५** **मिति : २०७६।०१।२४**

**छलफलको विषय :** आ.व. २०७६।०७७ को प्रि—बजेट छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्वन्धमा ।

**निर्णय :** आर्थिक वर्ष २०७६।०७७ को बजेट तर्जुमा सम्वन्धमा यस प्रदेश अन्तर्गतका विभिन्न जिल्लाबाट सुझाव संकलन गर्नका लागि प्रि—बजेट छलफल तथा अन्तरक्रिया कार्यक्रम यस प्रदेश अन्तरर्गतका विभिन्न ११ जिल्लाहरुलाई समेटी पायक पर्ने ३ स्थान (दमौंली, बाग्लुङ्ग र कास्की) मा सञ्चालन गर्ने र प्राप्त सुझावलाई समेटी प्रदेश सरकारलाई बजेट निर्माण सम्वन्धमा आवश्यक सल्लाह दिने निर्णय गरियो ।

**बैटक संख्या : १६** **मिति : २०७६।०२।०३**

**छलफलको विषय :** प्रि—बजेट समीक्षा सम्वन्धमा ।

**निर्णय :** प्रि—बजेट छलफल तथा अन्तरक्रिया कार्यक्रमको समीक्षा गरियो । साथै छलफलबाट प्राप्त सुझावहरुलाई सम्बन्धित मन्त्रालयलाई बोलाई आवश्यक राय, सल्लाह, सुझाव र निर्देशन गर्ने निर्णय गरियो ।

**बैठक संख्खा : १७** **मिति : २०७६।०२।०९**

**छलफलको विषय :** भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री लेख बहादुर थापा र सचिव श्री दुर्गा प्रसाद दवाडीसँग प्रि—बजेट सम्वन्धमा छलफल तथा अन्तरक्रिया गर्ने ।

**निर्णय :** भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री लेख बहादुर थापा र सचिव श्री दुर्गा प्रसाद दवाडीसँग प्रि—बजेट सम्वन्धमा छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझाव सम्वन्धमा अन्तरक्रिया तथा छलफल सौहाद्र्धपूर्ण रुपमा सम्पन्न गरी नमुना कृषि अनुदान वितरणको कार्यविधिलाई सुधार गरी अनुदान रकमको सहि सदूपयोग तथा अनुदान रकमलाई वास्तविक किसान समक्ष पुग्ने वातावरण निर्माण गर्न निर्देशन दिने निर्णय गरियो ।

**बैठक संख्या :१८** **मिति : २०७६।०२।१०**

**छलफलको विषय :** प्रि—बजेट सम्वन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधिहरु-सँग छलफल तथा अन्तरक्रिया गरी आवश्यक निर्देशन दिने सम्वन्धमा ।

**निर्णय :** आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधिहरुसँगको उपस्थितिमा प्रि—बजेट छलफल तथा अन्तरक्रिया सौहाद्र्धपूर्ण रुपमा सम्पन्न गरी प्राप्त सुझावहरुलाई आ.व. २०७६।०७७ को बजेट निर्माण गर्दा वितरणमुखी नभई प्रदेश गौरवका आयोजनाहरुमा टेवा पुग्ने गरी निर्माण गर्न तथा बजेटको कार्यान्वयन समयमै गर्ने वातावरण समेत निर्माण गर्न निर्देशन दिने निर्णय गरियो।

## २.२ अन्य कार्य

उल्लेखित निर्णयहरु एंव निर्देशनहरुको अलावा माननीय सभापतिज्यूद्धारा ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्गी र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यबिधि, २०७५ कार्यान्वयनको अवस्था सम्वन्धमा अध्ययन गर्न विभिन्न जिल्लाहरुमा सञ्चालनमा रहेका क्रसर उद्योगहरुको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन गर्दा कार्यान्वयनको अवस्था सन्तोषजनक नदेखिएकाले सो सम्वन्धमा समितिको ध्यानाकर्षण भएको जानकारी गराउदै कार्यविधिको पूर्ण कार्यान्वयन गर्न गराउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई पत्रमार्फत निर्देशन समेत दिनुभएको थियो ।

साथै समितिले म्याग्दी जिल्ला स्थित रघुगंगा गाउँपालिकाको गुठी समस्या सम्बन्धमा स्थलगत अध्ययन भ्रमण गरी तहाँ स्थित स्थानीय र सरोकारवालाहरुको सहभागितामा अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन गरेको थियो।

# परिच्छेद - ३

# निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

## ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था

समितिले आफ्नो कार्यक्षेत्र भित्रका आवश्यक विषयमा विभिन्न निर्णय लिने र निर्देशनहरु दिने गरेको छ । यसरी लिइएका निर्णयहरु एवं दिइएका निर्देशनहरु मध्ये अधिकांश कार्यान्वयन भएको अवस्था छ भने केही निर्णय तथा निर्देशनहरु कार्यान्वयन हुने प्रक्रियामा रहेका छन्। समितिबाट हालसम्म भएका निर्देशन र तिनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| क्र.सं. | निर्णय निर्देशन | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | समितिको कार्यक्षेत्रसंग सम्बन्धित मन्त्रालयहरुमा संचालनमा रहेका आयोजना तथा कार्यक्रमहरुको प्रगति विवरण माग गरियो । | नभएको |
| २. | समितिको कार्यक्षेत्रसंग सम्बन्धित मन्त्रालयहरुमा संचालनमा रहेका आयोजना तथा कार्यक्रमहरुको प्रगति विवरण माग गरियो । | भएको |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालयसंग करको विषयमा एकरुपता नभएको जनगुनासो सम्बन्धमा आवश्यक विवरण माग गरियो । | भएको |
| ४. | गोरखकाली रबर उद्योगको अवस्था बारे स्थलगत अध्ययन निरीक्षण गरी सोको प्रतिवेदन प्रदेश सरकारलाई बुझाइयो । | नभएको |
| ५. | मन्त्रलयका योजना तथा कार्यक्रमहरुको समयमा नै कार्यान्वयन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिइयो । | आंशिक रुपमा भएको |
| ६. | मन्त्रलयका योजना तथा कार्यक्रमहरुको समयमा नै कार्यान्वयन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिइयो । | आंशिक रुपमा भएको |
| ७. | मन्त्रलयका योजना तथा कार्यक्रमहरुको समयमा नै कार्यान्वयन गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिइयो । | आंशिक रुपमा भएको |

| | | |
|---|---|---|
| ८. | मन्त्रलयका योजना तथा कार्यक्रमहरुको समयमा नै कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिइयो । | आंशिक रुपमा भएको |
| ९. | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, क्रसिङ्ग र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को सम्बन्धमा प्रादेशिक अनुगमन समितिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिइयो । | नभएको |
| १०. | नमूना कृषि अनुदान वितरणको कार्यविधिलाई सुधार गरी अनुदान रकमको सहि सदुपयोग तथा अनुदान रकमलाई वास्तविक किसान समक्ष पुग्ने वातावरण निर्माण गर्न निर्देशन दिइयो । | नीति तथा कार्यक्रममा समावेश भएको |
| ११. | आर्थिक वर्ष २०७६/०७७ को बजेट निर्माण गर्दा वितरणमुखी नभई प्रदेश गौरवका आयोजनाहरुमा टेवा पुग्ने गरी निर्माण गर्ने तथा बजेटको समयमै कार्यान्वयन गर्ने वातावरण निर्माण गर्न मन्त्रालयलाई निर्देशन दिइयो। | आंशिक रुपमा भएको |

## ३.२ कार्य सम्पादनमा देखा परेका समस्या

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालय लगायत आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको कमि रहेको। जसका कारण समितिको कार्य सम्पादनमा असहजता आएको छ।
- समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउन सकिएको छैन ।
- समितिलाई अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि पर्याप्त भ्रमण, अध्ययन, तालीम आदि उपलब्ध हुन सकेको छैन ।

# परिच्छेद - ४

# निष्कर्ष, सुझाव तथा सिफारिस

## ४.१ निष्कर्ष

नेपालको संविधानको धारा १९३ मा रहेको व्यवस्था र गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेखित काम कर्तव्य र अधिकारको सीमा भित्र रही यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकायहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषयमा आवश्यकता अनुसार भूमिका निर्वाह गरि रहेको छ । सम्बन्धित मन्त्रालयहरुलाई आफ्नो नीति योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा आवश्यक राय सल्लाह तथा निर्देशन प्रदान गरी यस समितिले सरकारका क्रियाकलापलाई उत्तरदायी र जवाफदेही बनाउने प्रयास गर्दै आएको छ ।

## ४.२ सुझाव तथा सिफारिस

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालय लगायत आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको व्यवस्था हुनु पर्ने ।
- समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउनु पर्ने ।
- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा सहभागी गराउनु पर्ने।
- समितिका सदस्य एवं कर्मचारीहरुलाई पर्याप्त मात्रामा अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रमको लागि पर्याप्त बजेटको व्यवस्था गर्नु पर्ने ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक अध्ययन अवलोकन भ्रमण, तालीम आदि उपलब्ध गराउनु पर्ने ।

# अनुसूचीहरु

## अनुसूची - १

## समिति गठन हुँदा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | माननीय सदस्यहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मा. दिपक कोइराला | सभापति | ९८५६०२३१६१ |
| २ | मा. इन्द्र लाल सापकोटा | सदस्य | ९८५७६२१५२२ |
| ३ | मा. चन्द्र मोहन गौचन | सदस्य | ९८५७६५००६० |
| ४ | मा. जनकलाल श्रेष्ठ | सदस्य | ९८५७०४१२२९ |
| ५ | मा. डोबाटे विश्वकर्मा | सदस्य | ९८४६०६२५१७ |
| ६ | मा. भागवत प्रकाश मल्ल | सदस्य | ९८५६०२८११० |
| ७ | मा. मिन प्रसाद गुरुङ्ग | सदस्य | ९८५६०२७६३६ |
| ८ | मा. पियारी थापा | सदस्य | ९८४००९९१३७ |
| ९ | मा. पुष्पा के.सी. भण्डारी | सदस्य | ९८४६०३४८५१ |
| १० | मा. लक्ष्मी सुनार | सदस्य | ९८४७४१३९१७ |
| ११ | मा. विनोद के.सी. | सदस्य | ९८५७६२४१४२ |
| १२ | मा. सरिता गुरुङ्ग | सदस्य | ९८५६०२८१२४ |
| १३ | मा. हरिशरण आचार्य | सदस्य | ९८५१००६१०४ |

## अनुसूची - २

## समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | माननीय सदस्यहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मा. दिपक कोइराला | सभापति | ९८५६०२३१६१ |
| २ | मा. इन्द्र लाल सापकोटा | सदस्य | ९८५७६२१५२२ |
| ३ | मा. चन्द्र मोहन गौचन | सदस्य | ९८५७६५००६० |
| ४ | मा. जनकलाल श्रेष्ठ | सदस्य | ९८५७०४१२२९ |
| ५ | मा. डोबाटे विश्वकर्मा | सदस्य | ९८४६०६२५१७ |
| ६ | मा. भागवत प्रकाश मल्ल | सदस्य | ९८५६०२८११० |
| ७ | मा. मिन प्रसाद गुरुङ्ग | सदस्य | ९८५६०२७६३६ |
| ८ | मा. विनोद के.सी. | सदस्य | ९८५७६२४१४२ |
| ९ | मा. सरिता गुरुङ्ग | सदस्य | ९८५६०२८१२४ |
| १० | मा. हरिशरण आचार्य | सदस्य | ९८५१००६१०४ |
| ११ | मा. राजीव गुरुङ्ग | सदस्य | ९८५६०१९७२९ |

## पदेन सदस्य

| क्र.सं. | माननीय सदस्यहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मा. किरण गुरुङ्ग | आर्थिक मामिला तथा योजना मन्त्री | ९८५११२१७८२ |
| २ | मा. रामशरण बस्नेत | भौतिक पूर्वाधार विकास मन्त्री | ९८५६०४२७०१ |
| ३ | मा. विकास लम्साल | उद्योग पर्यटन वन तथा वातावरण मन्त्री | ९८५७६३००६१ |
| ४ | मा. लेख बहादुर थापा मगर | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री | ९८५६०७०३३४ |

# अनुसूची - ३

## समिति सचिवालयसंग सम्बद्ध कर्मचारीहरुको नामावली

| क्र.सं. | कर्मचारीहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री गोपाल शर्मा | सचिव | ९८५७६३५५५० |
| २ | श्री टंक प्रसाद शर्मा वाग्ले | अधिकृत | ९८४६०८७२५५ |
| ३ | श्री तोयानाथ तिमिल्सिना | अधिकृत | ९८४६१५३०५४ |
| ४ | श्री शारदा बराल वाग्ले | सहायक | ९८४६४४९७०७ |

## कम्प्युटर तथा मुद्रण तर्फ

| क्र.सं. | कर्मचारीहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री चन्द्रकला बस्नेत | अधिकृत | ९८४६४३६२१४ |

# अनुसूची - ४

## “अर्थ तथा विकास समितिको कार्यविधि, २०७५”

### प्रस्तावना

नेपालको संबिधानको धारा १९३ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ को व्यवस्था बमोजिम गठन भई गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ को व्यवस्था अनुसारको अधिकार प्रयोग गर्ने गरी कार्य गर्न कार्यविधि बनाई लागू गर्न आवश्यक भएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “**अर्थ तथा विकास समिति कार्यविधि, २०७५**” रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “सभापति” भन्नाले अर्थ तथा विकास समितिको सभापतिलाई सम्झनु पर्दछ ।

ख) “समिति” भन्नाले अर्थ तथा विकास समिति लाई सम्झनु पर्दछ ।

ग) “उपसमिति” भन्नाले यस, अर्थ तथा विकास समिति अन्तगत गठित उपसमितिलाई सम्झनु पर्दछ।

घ) “बैठक” भन्नाले समितिले औपचारिक रुपमा आयोजना गर्ने कुनै पनि बैठकलाई सम्झनु पर्दछ।

ङ) कार्यदल भन्नाले अर्थ तथा विकास समिति बमोजिम गठित कार्यदल सम्झनु पर्दछ ।

च) “सचिव” भन्नाले अर्थ तथा विकास समितिको सचिवलाई सम्झनु पर्दछ ।

छ) “सरकार” भन्नाले प्रदेश सरकारलाई बुझिन्छ ।

ज) “मन्त्रिपरिषद्” भन्नाले प्रदेश सरकारको मन्त्रिपरिषद्लाई सम्झनु पर्दछ ।

३. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

१) प्रदेश मन्त्रालय, विभाग र अन्तगतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन लगायतका क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक

निर्देशन दिने, समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको प्रतिबेदन प्रदेश सभाको बैठकमा पेश गर्ने ।

२) मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति मितव्ययी गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको प्रतिवेदन सभामा पेश गर्ने ।

३) मन्त्रिपरिषद्का सदस्यहरूले सरकारको तर्फबाट सभामा समय—समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेश सरकारद्वारा के—कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

४) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

५) सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६) सरकारद्वारा समय—समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

७) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

८) माथि उल्लिखित खण्डहरू बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान—प्रदान गर्ने ।

४. समितिको बैठक :

(१) समितिको बैठक सभापतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको निर्णय सभापतिद्वारा प्रमाणित गरिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. बैठक संचालन : (१) बैठकको सभापतित्व सभापतिबाट हुनेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट हुनेछ । यसरी जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) समितिकोे गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(३) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा समितिको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(४) बैठक तोकिएको मिति र समयमा बस्नेछ ।

(५) बैठकको शुरुमा नै कार्यसूचीमा परेका बिषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समायावधि तय गरिनेछ । आवश्यकता अुनसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नुपर्नेछ ।

(६) बैठकको बिषयवस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सबैको कर्तव्य हुनेछ ।

६. काम कारवाही गोप्य राख्ने : समितिले आफनो कार्य क्षेत्रभित्रको कुनै काम, कारवाहीको प्रकृति र विषयको गाम्भिर्यतालाई दृष्टिगत गरी गोप्य राख्नु पर्ने आवश्यक सूचना गोप्य राख्न सक्नेछ।

७. उपसमिति तथा कार्यदल गठन गर्न सक्ने :

क. समितिले आवश्यकता अनुसार उपसमिति तथा कार्यदलहरु गठन गरी काम गर्न सक्नेछ ।

८. बैठकमा पालना गर्नु पर्ने नियम : गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ बमोजिमका व्यवस्थाहरु समितिका सदस्यले पालना गर्नुपर्नेछ ।

९. कार्यविधिको पालना : यस कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०. समितिको सचिवालयः समितिको सचिवालय प्रदेश सभा सचिवालयमा रहनेछ ।

११.स्रोत साधनको व्यवस्थापन :

क. समितिको लागी  आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था प्रदेश सभा सचिवालयवाट हुनेछ ।

ख. समितिका माननीय सदस्यहरु तथा कर्मचारीले पाउने सेवासुविधा नियमानुसार हुनेछ ।

१२. विविध : (१) समितिले आफनो काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यतालिका निर्माण गरि लागु गर्न सक्नेछ ।

(२) समितिको कामकारवाहीमा सहयोग पुऱ्याउनु समितिका सदस्य तथा सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

१३. अधिकार प्रत्यायोजन : यस कार्यविधि बमोजिम समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सचिव वा अन्य कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१४. संशोधन : समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।